नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(जनशक्ति योजना तथा विकास शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७९।८०

चलानी नं.:- २४२

मितिः २०७९/०९/२६

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै) ।

विषयः पदपूर्तिको माग गर्ने व्यवस्था कार्यान्वयन सम्बन्धमा ।

लोक सेवा आयोगको च.नं. ७८, मिति २०७९/०९/२५ को पदपूर्तिको माग गर्ने व्यवस्था कार्यान्वयन विषयक पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी लोक सेवा आयोगको मिति २०७९/७/२९ को निर्णय बमोजिम गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

(सागर के.सी.)
शाखा अधिकृत

बोधार्थ:
श्री लोक सेवा आयोग, कमलपोखरी, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः स.मा.तथा सा.प्र.म.: *वेबसाइटमा अपलोड गरिदिनुहुन ।*

(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या र मिति अवश्य उल्लेख गर्नुहोला।)

# लोक सेवा आयोग

सूचना तथा प्रकाशन शाखा

(कमलपोखरी, काठमाडौं)

पत्र संख्या :- ०७९/८०
चलानी नं :- ६८

मिति : २०७९/९/२५

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरबार, काठमाडौं ।**

सङ्घीय मामिला...
दर्ता नं.:- २३९९
दर्ता मिति:- ३/२६

**विषय: पदपूर्तिको माग गर्ने व्यवस्था कार्यान्वयन सम्बन्धमा ।**

निजामती सेवा ऐन २०४९ को दफा ७क.मा "**निजामती सेवाको कुनै पद रिक्त भएमा त्यसको सूचना पद रिक्त भएको एक महिना भित्रमा सम्बन्धित निकायले लोक सेवा आयोगलाई दिई सोको जानकारी सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्नेछ**" भन्ने व्यवस्था रहेको छ।

आयोगको पदपूर्ति सम्बन्धी बार्षिक कार्यतालिका बमोजिम सम्बन्धित पदको विज्ञापन हुने अघिल्लो दिन वा केही दिन अगाडी मात्र अख्तियारप्राप्त निकायबाट माग आकृति फाराम भरी प्राप्त हुने गरेको छ। पद रिक्त हुने प्रत्येक निकायबाट माथि उल्लेखित व्यवस्था बमोजिम लोक सेवा आयोगमा नियमित रूपमा जानकारी प्राप्त हुन नआएको कारणले रिक्त पदको यकिन गरी प्रतिशत निर्धारण गर्ने कार्यलाइ चुस्त बनाउन सकिएको छैन।

तसर्थ उल्लेखित व्यवस्था बमोजिम पद रिक्त भएको एक महिना भित्रमा सोको जानकारी नियमित रूपमा यस आयोगमा पठाउने व्यवस्था कार्यान्वयन गर्ने आवश्यक प्रवन्ध हुन लोक सेवा आयोगको मिति २०७९/७/२९ को निर्णयानुसार अनुरोध छ।

(देवीप्रसाद सुवेदी)
उपसचिव